

321.6
MOC
2022

# श्री ५ महेन्द्रको नेतृत्वमा पंचायती प्रजातन्त्र

Rs. 75/-

# श्री ५ महेन्द्रको नेतृत्वमा पंचायती प्रजातन्त्र

प्रकाशक

श्री ५ को सरकार,

प्रचार–प्रसार मन्त्रालय,

प्रचार विभाग

तेश्रो पटक ५०,००० प्रति
पौष, २०२२
"क" श्रेणी

6706
MARTIN CHAUTARI LIBRARY KTM. NEPAL

मुद्रकः– श्री ५ को सरकारको छापाखाना

# श्री ५ महेन्द्रको नेतृत्त्वमा पंचायती प्रजातन्त्र

राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्रबाट राष्ट्रियता र राष्ट्रहितलाई सर्वोपरी राखी वर्ग संघर्ष बिना दलविहीन शोषणरहित प्रजातान्त्रिक समाजको स्थापना गर्नु नै पञ्चायती व्यवस्थाको लक्ष्य घोषित गरिबक्सेको छ। संसारको कुनै पनि प्रगतिशील राजनीतिक दर्शन र व्यवस्थाको निचोडमा शोषणरहित समाजको सृजना गर्नु नै अन्तिम कुरो पाइन्छ। यसको प्राप्तिका लागि विभिन्न देशले आफ्नो-आफ्नो विश्वास र परिस्थिति अनुसार विभिन्न बाटो अपनाएको हामी

पाउँछौं । आफ्नो लक्ष्य हासिल गर्न कुनैले एउटै राजनैतिक दलमा विश्वास राखेका छन् भने कुनै चाहिं बहुदलमा भर परका छन् । शोषणरहित समाजको सृजना गर्न कसैले वर्ग संघर्ष औ रक्तपात मात्र बाटो हो भन्छ भने अर्कोले वर्ग समन्वय र अहिंसा नै एक मात्र उपाय भनेका छन् । दुवै विचारधाराका पक्षपातीहरूले एकले अर्कोलाई अनेकौं दोषारोपण गरेको अनेकौं त्रुटिहरू देखाएको, आलोचना प्रत्यालोचनाद्वारा आफ्ना-आफ्ना पक्षका पर्याप्त मात्रामा तर्कहरू पेश गरेका छन् । तर जहाँसम्म प्रगतिको प्रश्न छ,निष्पक्ष भई हेर्ने हो भने आफ्नो स्थिति अनुसार दुवै विचारधाराका व्यवस्थाहरू आफ्नो-आफ्नो देशलाई प्रगतिपथतिर लगिरहेका छन्, निर्माण औ संहारको वैज्ञानिक होडमा विजयश्री लिन तँछाड-मछाड गरिरहेका छन् । पिछडेका अशिक्षित, अविकसित गरीब देशहरूलाई आफ्नो-आफ्नो अनुयायी बनाउन दुवै पक्षबाट अनेकौं प्रयास निरन्तर भइरहेका छन् ।

यसरी आज दुइ परस्पर विरोधी राजनैतिक सिद्धान्तको खिचातानी र होडले विश्वमा अनेकौं राष्ट्रिय, अन्तर्राष्ट्रिय समस्या उत्पन्न भएका छन् । साना, ठूला सबै राष्ट्रहरू अनेकौं जटिल समस्याले आपसमा उल्झिरहेका छन् । राष्ट्रलाई हाँक्न सक्ने बलियो नेतृत्वको

अभावमा अनेकौं राष्ट्रहरू गृह कलह र साम्प्रदायिक दङ्गाको शिकार भई देशको सार्वभौमिकता स्वतन्त्रता गुमाई रहेछन्, देशको उत्थान र निर्माणको सट्टा आफ्नो अस्तित्त्व नै नष्टभ्रष्ट गरिरहेका छन् ।

विश्वमा भइरहेको यस्तो खिचातानीको डरलाग्दो प्रभाव नेपालमा नपरेको होइन, तर समय नै राष्ट्रनायक **श्री ५ महेन्द्रले** ०१७ साल पौष १ गतेको ऐतिहासिक साहसिलो कदम उठाई यस भयावह परिस्थितिबाट नेपाल र नेपालीलाई बचाई बक्सेको छ र देशको आर्थिक, राजनैतिक, सामाजिक र भौगोलिक स्थिति सुहाउँदो पञ्चायती प्रजातन्त्र देशलाई बक्सेको छ ।

**पञ्चायती प्रजातन्त्र**

"राष्ट्रियता र राष्ट्रहितलाई सर्वोपरी मानी वर्ग संघर्ष बिना दलविहीन शोषणरहित प्रजातान्त्रिक समाजको स्थापना गर्नु न पञ्चायती प्रजातन्त्रको लक्ष्य हो ।"

**पञ्चायती प्रजातन्त्र र**
**श्री ५ महेन्द्रको नेतृत्त्व**

कुनै पनि व्यवस्थामा कुनै पनि राष्ट्रको उत्थानको निमित्त एउटा यस्तो निर्भीक निष्पक्ष दृढ सङ्कल्पी नेतृत्त्व औ व्यक्तित्त्वको आवश्यकता हुन्छ, जसले राष्ट्रहितलाई

सर्वोपरी राखी प्रगतिशील समाजको स्थापना गर्नको निमित्त समस्त देशवासीलाई राष्ट्रिय एकतामा संगठित पारी डोऱ्याउन सकोस् । नेपाल राष्ट्रको जन्म राष्ट्र-निर्माता श्री ५ पृथ्वीनारायण शाहको नेतृत्त्वबाट भयो, प्रजातान्त्रिक व्यवस्था ल्याउन २००७ सालको क्रान्तिमा र त्यसभन्दा अघि गरिएका प्रयासमा राष्ट्रपिता श्री ५ त्रिभुवनबाट नेतृत्त्व गरिबक्सियो, जसमा राष्ट्रनायक **श्री ५ महेन्द्र**को सहयोग थियो । इतिहास साक्षी छ, नेपालको निर्माणमा, नेपाल राष्ट्रको संरक्षणमा, नेपाल-लाई आएको सङ्कटमा राजसंस्थाले नै नेपालको प्रत्यक्ष नेतृत्त्व गरेको छ, जसलाई नेपाली मात्रले स्वाभाविक तवरले ग्रहण गरेको छ । नेतृत्त्व दिने नेता बन्नलाई राजसंस्था वा राजाले कुनै पार्टी संगठन गर्नु पर्ने आ-श्यकता छैन । "**राजा सबैको साझा**" भन्ने हाम्रो राजा र राजसंस्थामा जुन आधारभूत कुरा छ, त्यसले नेपाली मात्रलाई स्वाभाविक नेतृत्त्व दिन सक्दछ । उसको यही ऐतिहासिक क्रियाकलापले नै आफ्नो राजा र राजसंस्था प्रति अटल विश्वास र श्रद्धा छ, यसमा नेपाली मात्रलाई गर्व छ । आजको राष्ट्रिय, अन्तर्राष्ट्रिय स्थितिमा देशको सार्वभौमिकता, स्वतन्त्रता र राष्ट्रिय एकता अखण्ड राखी प्रजातान्त्रिक परिपाटीद्वारा देशको आर्थिक,

राजनैतिक, सामाजिक उत्थान गरी शोषणरहित समाजको स्थापना गर्नु अर्को कुनै नेतृत्त्वका लागि यो सम्भव छैन ।

## पञ्चायती प्रजातन्त्र र राजनैतिक संगठन

प्रजातन्त्रमा प्रत्येक नागरिकले आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रमा समान हक र स्वतन्त्रताको स्वच्छ तरीकाले उपभोग गर्न पाउनु पर्दछ । यसको निमित्त प्रजातान्त्रिक परिपाटीमा शान्तिपूर्ण तरीकाले राजनैतिक संगठन गर्ने अधिकार, चाहेको व्यवसाय र पेशामा लाग्ने अधिकार, आफ्नो-आफ्नो विश्वास र कुनै भेदभाव बिना सामाजिक जीवन बिताउने अधिकार हुन्छन् । यिनै आधारमा व्यक्तिगत स्वतन्त्रताका कानून, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको स्थापना र अन्य संवैधानिक अङ्गहरूको गठन भएको हुन्छ । पञ्चायती प्रजातन्त्रले देशका प्रत्येक नागरिकको आर्थिक, राजनैतिक, सामाजिक, समानता र स्वतन्त्रताको सुरक्षा गर्दछ र यसको स्वच्छ तरीकाले उपभोग गर्न पाउनु प्रत्येक नागरिकको जन्मसिद्ध अधिकार मानेको छ । यसका लागि कुनै राजनैतिक दल वा वर्ग संघर्षको आवश्यकता छैन भन्ने कुरामा पञ्चायती

प्रजातन्त्र विश्वास राख्दछ ।

कुनै पनि नागरिकले आफूले विचार गरे अनुसार देशको आर्थिक, राजनैतिक सामाजिक व्यवस्था गर्न राज्य शक्तिको आवश्यकता पर्दछ । ऐन कानून र योजना बनाउन र कार्यान्वित गर्न उक्त शक्तिको प्रयोग गर्न सक्ने ठाउँमा पुग्नु पर्दछ । यसलाई प्राप्त गर्ने साधन राजनैतिक संगठनलाई मानिएको छ । तर हाम्रो जस्तो अविकसित देशलाई यो माध्यम अफाप सिद्ध हुन गएको छ । देशका प्रत्येक नागरिकलाई आफ्नो राजनैतिक अधिकारको उपभोग गर्ने, प्रजातान्त्रिक समानता र स्वतन्त्रता भए पनि सर्वसाधारण जनतालाई प्राय: यो दुर्लभ नै भएको छ । कुनै पनि राजनैतिक संगठनको सञ्चालनको निमित्त देशका जनतामा ठूलो आर्थिक भार पर्ने कुरा दलीय व्यवस्था भएका सबैजसो देशमा सिद्ध भइसकेको छ । जुन देश अविकसित छ, जहाँका जनता अशिक्षित, गरीब छन्, त्यहाँ त झन् यसको रूप अत्यन्त विकृत देखा परेको छ । जसले सबैभन्दा ज्यादा साधन जोड्न सक्यो, त्यसैको पार्टी ठूलो हुने र त्यही नेता सबैभन्दा ठूलो नेता हुने हुँदा, दलगत स्वार्थमा अन्ध भक्ति बढ्न गएको छ । साधनको खोजमा पार्टीका नेताहरू राष्ट्रहितलाई समेत बिर्सी देशका पूँजीपति र

सामन्तहरूको वा बाहिरी तत्त्वको कठपुतली भई भ्रष्ट भएका छन्, अन्यथा असफल भई एक्लो परेका छन्। कुनै साधारण नागरिक भ्रष्ट भएमा सुधार्न सकिन्छ, अथवा कर्मचारी भ्रष्ट भएमा हटाउन सकिन्छ, तर राजनैतिक व्यक्ति भ्रष्ट भए देश डुब्छ, देशको भविष्य अन्धकारमय हुन्छ। दुइ पाखुराको बलले देश निर्माण गर्नु परेको बेला नेपाली जनजीवनको आर्थिक स्थिति यस्तो छैन, जसले नेपाल र नेपाली मात्रको हित गर्ने पार्टी जन्माउन सकोस् र उसको सम्पूर्ण आर्थिक भार बोक्न सकोस् औ न त हाम्रो अवस्था नै यस्तो छ कि दलवन्दीको खिचातानीमा समय खेरफाल्न सकियोस्। पञ्चायती प्रजातन्त्रमा राजनैतिक दल नभएर पनि देशका प्रत्येक नागरिकको राजनैतिक अधिकार सुरक्षित छ। यसमा पार्टी भन्दा व्यक्तिको ठूलो स्थान छ। व्यक्ति-व्यक्तिको चेतना, त्याग, तपस्या लगनशीलता र व्यक्ति-व्यक्तिको रचनात्मक गुण र सृजनात्मक शक्तिमा पञ्चायती प्रजातन्त्र आधारित छ। आफ्नो अमूल्य भोट दिने व्यक्तिले पार्टी र झण्डालाई होइन, व्यक्ति-लाई भोट दिन्छ। भोट दिंदा उसलाई जान्ने अधिकार छ, जसको पक्षमा उसलाई आफ्नो मत दिनु छ त्यसले उसको गाउँको, उसको ठाउँको के कति सेवा गरेको छ। देशको

व्यवस्थापना गर्ने माथिल्लो तह राष्ट्रिय पञ्चायतमा पुगी राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनैतिक मञ्चमा आफ्नो प्रतिभा देखाउन, देशको उत्थान र नवनिर्माण गर्न, आज कुनै पनि व्यक्तिले साधन र टिकटको खोजमा कुनै पार्टी नेताको ढोका कुर्ने होइन, राष्ट्रहितलाई सर्वोपरि राखी आफ्नो गाउँ,आफ्नो ठाउँमा गई इमान्दार भई सेवा गरे पुग्छ । यसरी पञ्चायती प्रजातन्त्रमा राजनैतिक दलको प्रभाव र दबावबाट व्यक्ति मुक्त भएको छ । दलीय व्यवस्थामा आफ्नो राजनैतिक अधिकारलाई उपभोग गर्न जति महँगो र गाह्रो छ, पञ्चायती प्रजातन्त्रमा साधारण भन्दा साधारण गरीबको छोराले पनि अत्यधिक सरल तरीकाले आफ्नो राजनैतिक अधिकारको सम्पूर्ण उपभोग गर्न सक्दछ ।

### पञ्चायती प्रजातन्त्र र वर्गसंघर्ष

वर्ग संघर्षको अवस्था त्यतिबेला पर्दछ जब देशको राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा कुनै एक वर्ग विशेषको आधिपत्य हुन्छ । राज्यशक्तिलाई आफ्नो हतियार बनाई आर्थिक शोषण गर्न थाल्दछ, आफू अरू भन्दा श्रेष्ठ बन्दछ, यस वर्गको शोषण र दबावको जब चरम सीमा पुग्न थाल्दछ, अनि शोषित वर्गले विद्रोह,

रक्तपात संघर्ष गर्दछ र राज्य शक्तिलाई आफ्नो हातमा लिई आर्थिका साधन र स्रोतहरूको आफू मालिक बन्दछ । तर हाम्रो स्थिति यसभन्दा अलग नै छ । पञ्चायती प्रजातन्त्रले देशको सार्वभौमिकताको प्रतीक **राजसंस्था** र **राजा** भन्ने ऐतिहासिक तथ्यलाई स्वीकार गरेको छ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सम्बन्धी अधिकारको श्रोत पनि राजा र राजसंस्थालाई नै मानेको छ जो कुनै एक वर्ग विशेषको हैन, नेपाली मात्रको साझा अमूल्य निधि हो । यहाँ कुनै एक वर्ग वा व्यक्तिको हितको निमित्त राज्यशक्ति सञ्चालन हुन सक्दैन । देशका सम्पूर्ण नागरिक राज्यको अगाडि समान छन् र प्रत्येक नागरिकले आफ्ना मौलिक अधिकारको उपभोग गर्न, आफ्नो व्यक्तित्त्वको विकास गर्न पञ्चायती प्रजातन्त्रमा समान अवसर पाउने छन् । ०१७ साल पछि यस छोटो अवधिमा **श्री ५ महेन्द्रको** प्रत्यक्ष नेतृत्त्वले देशको सार्वभौमिकता स्वतन्त्रता अखण्ड राखी, अन्तर्राष्ट्रिय क्षेत्रमा जुन प्रतिष्ठा हासिल गरेको छ, देशलाई स्वावलम्वी बनाउन भूमिसुधार जस्तो जुन क्रान्तिकारी कार्यक्रम दिएको छ, सामाजिक न्यायको निमित्त मुलुकी ऐनमा जस्तो क्रान्तिकारी कदम उठाएको छ, यसैले पञ्चायती प्रजातन्त्रमा वर्ग संघर्षलाई स्थान

छैन भन्ने कुराको कोरा कागजी नारा मात्र नभई ज्वलन्त उदाहरण दिएको छ, हाम्रो अगाडि प्रत्यक्ष प्रमाण छ ।

### पञ्चायती प्रजातन्त्रमा व्यक्ति गत स्वतन्त्रता

देशको सार्वभौमिकता, स्वतन्त्रता र राष्ट्रिय एकतामा आँच आउने, आघात पार्ने, कुराहरूमा कसैलाई पनि कुनै छूट छैन । असलै कुरामा पनि विरोधी बलियो हुनथाल्यो भने त्रासले दलगत राजनीतिमा झैं कोरा नाराबाजी र ध्वंसात्मक बाटो अपनाउने जस्ता प्रवृत्तिलाई व्यक्तिगत स्वतन्त्रता मान्न सकिन्न । व्यक्ति व्यक्तिमा भएको रचनात्मक र सृजनात्मक शक्तिलाई निष्क्रिय नराखी देशको आर्थिक, राजनैतिक, सामाजिक उत्थानमा लगाउनु नै पञ्चायती प्रजातन्त्रको मूलभूत आधार हो । देशको प्रशासनिक कार्य र देश उत्थानमा सानाठूला सबै योजनामा केबल चुनाउमा वियजप्राप्त गरेको राजनैतिक दलका केही नेता र कर्मचारीमा मात्र भर नपरी ग्रामस्तरदेखि राष्ट्रिय स्तरसम्म सम्पूर्ण नागरिकलाई शरिक र सक्रिय गराउन प्रशासनको विकेन्द्रीकरण र आर्थिक विकेन्द्रीकरण जस्ता महत्त्वपूर्ण कार्यक्रम अपनाइएका छन् । पञ्चायती प्रजातन्त्रमा आफ्नो व्यक्तितत्त्वको विकास गर्ने, आफ्नो रुचि अनुसार

व्यवसायमा लाग्ने र पेशा अपनाउने विचारक भई कुनै रूपमा केवल विचार व्यक्त गर्ने मात्र हैन, आफूमा भएको रचनात्मक र सृजनात्मक शक्तिलाई गाउँ स्तर-देखि राष्ट्रियस्तरसम्म पुगी राष्ट्र उत्थानमा लगाउने प्रत्येक व्यक्तिलाई स्वतन्त्रता छ । यसका निमित्त गाउँ पञ्चायत, जिल्ला पञ्चायत, अञ्चल पञ्चायत, राष्ट्रिय पञ्चायत र मन्त्रिपरिषद्को गठन गरिएको छ । साथै विभिन्न वर्गीय संगठन खडा गरिएका छन् र तिनको प्रतिनिधित्त्व राष्ट्रिय पञ्चायतमा पनि गरिएको छ ।

## पंचायती प्रजातन्त्रमा विभिन्न वर्गीय संगठनहरूको स्थान

**किसान संगठनः** देशको अर्थ व्यवस्था नै आज कृषिमा निर्भर छ । जहाँसम्म हामी कृषि उत्पादन बढाउन सक्दैनौं तबसम्म देशको आर्थिक व्यवस्था सुदृढ हुन सक्दैन र कृषक वर्गको पनि जीवनस्तर माथि उठ्न सक्दैन । आजका कृषि समस्या ठूल ठूला भूमिपतिसंग संघर्ष गर्ने छैनन्, बढी उत्पादन कसरी बढाउने भन्ने समस्या छन् । किसानका हितका लागि भूमिसुधार जस्ता क्रान्तिकारी कार्यक्रमहरू आएका छन् । किसान

संगठनले आफ्नो वर्गलाई राष्ट्रिय चेतना दिनुको साथ साथै उसको हितका निमित्त बनेका कार्यक्रमलाई कार्यान्वित गराउन सक्रिय हुनु परेको छ । बढी उत्पादन बढाउने जस्ता कार्यक्रममा किसानलाई जागरुक बनाउनु परेको छ । देशको नवनिर्माणमा किसानवर्गलाई संगठित र सक्रिय पार्नु परेको छ ।

**युवक संगठन**

देशको युवा शक्ति नै देशको वर्तमान हुन्छ । देशको शान्ति, सुरक्षा, विकास युवक वर्गको काँधमा नै भर परेको हुन्छ। चाहे किसानको छोरा होस्, चाहे देशको प्रशासनमा वा पुलिस र सैनिकमा रहेको तन्नेरी होस् वा कुनै अन्य वर्ग औ पेशामा रहेको युवक होस् , यही नै देशको वर्तमान शक्ति हो। यसैको गतिमा देशको गति चल्छ, यसैको पसिनाले देश फल्छ फुल्छ। आज किसानको छोराले बढी उत्पादनमा कम्मर कस्नु परेको छ भने प्रशासनमा रहेको युवकले इमान्दार भई राष्ट्रसेवा गर्नु परेको छ, भ्रष्टाचार जस्ता सामाजिक कोढलाई फ्याँक्नु परेको छ । पञ्चायती प्रजातन्त्रमा युवक संगठनले देशको युवक वर्गलाई देशको राजनैतिक, आर्थिक, सामाजिक गतिविधिसंग पूर्णतया परिचित राखी राष्ट्रिय चेतना ल्याई अनुशासित र संगठित पारी

युवा शक्तिलाई देशको शान्ति-सुरक्षा, सामाजिक सुधार र राष्ट्र निर्माणमा लगाउने छ ।

**महिला संगठन**

हिन्दू समाजले नारीलाई सदैव सम्मानको दृष्टिले हेरेको छ। देवी र शक्तिको रूपमा नारीको पूजा गर्दै आएको छ। महिला संगठनले नारी जातिको उत्थान गरी आदर्श नारीको रूप दिनुको साथ साथै पुरुषको काँधमा काँध मिलाई नारी जातिलाई देश हितका कार्यमा सक्रिय गर्नेछ ।

**भूतपूर्व सैनिक संगठन**

अनुशासन र राष्ट्रप्रति वफादार रहने आदर्श कायम राखी देशको शान्ति सुरक्षा र विकास कार्यमा सक्रिय भाग लिनुको साथै भूतपूर्व सैनिकहरूको हितको निमित्त कार्य गर्नेछ ।

**मजदूर संगठन**

देशका नवोदित उद्योगहरूको विकास हाम्रो मजदूर वर्गको कार्यदक्षतामा नै भर पर्दछ। हाम्रा आवश्यकता पूरा गर्न देशले ठूलो परिश्रमका साथ औद्योगीकरणतिर बढ्नु परेको छ । यस्तो अवस्थामा देशको औद्योगिक उत्पादन बढाई आर्थिक उत्थान गर्न मजदूर वर्गको काँधमा ठूलो जिम्मेबारी आएको छ। पञ्चायती प्रजातन्त्रमा मजदूर संगठनद्वारा

DUE DATE

मज [illegible]
हित र समुचित लाभको सुरक्षा गरिनेछ ।

### विद्यार्थी संगठन

पञ्चायती प्रजातन्त्रले विद्यार्थीवर्गलाई देशको भविष्यको निमित्त अत्यधिक आशावादी दृष्टिले हेरेको छ । कोरा नाराबाजीले मात्र देशको उत्थान हुन सक्दैन भन्ने कुरा सिद्ध छ। राष्ट्रको सर्वाङ्गीण विकासका लागि आज देशलाई ठूलठूला वैज्ञानिक, विशेषज्ञ, विभिन्न विषयका विद्वानहरूको आवश्यकता छ । जहाँसम्म यस ठूलो अभावलाई पूर्ति गर्न सक्दैनौं तबसम्म देशको सर्वाङ्गीण विकास हुन सक्दैन । आज शिक्षाप्रति जनजागृति आएको छ, तर शिक्षक छैनन्, देशमा भइरहेका विकास कार्यका लागि इञ्जिनीयर–ओभरसियर छैनन्, कहीं अस्पताल छन् डाक्टर छैनन्। यसरी विकासोन्मुख भइरहेका देशले अनेकौं क्षेत्रमा कठिनाइको सामना गर्नु परेको छ। त्यसैले आजको विद्यार्थी वर्गमाथि नै देशको भविष्य निर्भर छ । पञ्चायती प्रजातन्त्र विद्यार्थी वर्गलाई सक्रिय राजनीतिबाट अलग राखी योग्य बनाई देशको ठूलो खाँचोलाई पूरा गर्न चाहन्छ । विद्यार्थी एकता कायमराख्दै विद्यार्थी संगठनलाई बलियो पारी विद्यार्थीको रचनात्मक शक्ति राष्ट्र उत्थानमा लाग्नुपर्दछ ।

6706

MARTIN CHAUTARI LIBRARY KTM NEPAL